राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
... तपाईंको आफ्नै बैंक

# उच्च माध्यमिक तह र स्नातक तहमा अध्ययन गर्न आर्थिक सहायता चाहने गरीब विद्यार्थीहरूका लागि दरखास्त दिनेबारे

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सूचना

(गोरखापत्रमा प्रकाशित मितिः २०६६/११/२८)

विश्व बैंकको सहयोगमा सञ्चालित दोश्रो उच्च शिक्षा परियोजना अन्तर्गत स्थापित विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको निम्ति कोष प्रशासकको रुपमा राष्ट्रिय वाणिज्य बैंक कार्यरत रहेको छ। यो कार्यक्रम आर्थिक रुपमा विपन्न विद्यार्थीहरुलाई उच्च माध्यमिक तह र स्नातक तह अध्ययन गर्न आर्थिक सहयोग प्रदान गर्ने उद्धेश्यले देशभर लागू भएको छ। यस अन्तर्गत आ.व २०६७०६८ का लागि हाल सामुदायिक माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत देशभरबाट १००० जना विद्यार्थीहरूलाई उच्च मा.वि. अध्ययनका लागि र कक्षा १२ मा अध्ययनरत देशभरबाट ८०० जना विद्यार्थीहरूलाई स्नातक तह अध्ययनका लागि आर्थिक सहयोग उपलब्ध गराइनेछ। आवश्यक दरखास्त फाराम भरी २०६७, वैशाख १० गते भित्र दरखास्त दिनु हुन सम्बन्धित विद्यार्थीहरूलाई जानकारी गराइन्छ।

**दरखास्त फाराम भर्न चाहने विद्यार्थीहरुका लागि अनुरोधः**

१. आवेदन दिन योग्य विद्यार्थीहरू २०६६ चैत्र मसान्तसम्म सामुदायिक माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत, गरीब परिवारबाट आएका र आगामी वर्ष उच्च माध्यमिक तहमा भर्ना भई सो तह पूरा गर्न कटिवद्ध रहेका विद्यार्थीले आफू अध्ययनरत विद्यालय मार्फत आवेदन दिन सक्नेछन्। त्यसैगरी २०६७ साल बैशाख मसान्तसम्म सामुदायिक उच्च माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत, गरीब परिवारबाट आएका र आगामी वर्ष स्नातक तहमा भर्ना भई सो तह पूरा गर्न कटिवद्ध रहेका विद्यार्थीले आफू अध्ययनरत उच्च माध्यमिक विद्यालय मार्फत आवेदन दिन सक्नेछन्।

२. योग्यता निर्धारण गर्ने सूचकहरूः विद्यार्थी छनौट पारदर्शी रुपमा होस भन्नका लागि वस्तुगत र प्रमाणित गर्न सकिने सूचकहरू प्रयोग गरिएको छ। राष्ट्रिय जीवनस्तर सर्भेक्षणवाट भिकिएका निम्न सूचकका आधारमा विद्यार्थीको स्कोर निकाली गरीब विद्यार्थी छनौट गरिनेछ।

| | | | |
|---|---|---|---|
| १. भित्ताको किसिम | २. भुंईको किसिम | ३. छानाको किसिम | ४. शौचालयको किसिम |
| ५. प्रकाशको व्यवस्था | ६. चुल्होको किसिम | ७. खानेपानीको स्रोत | ८. नजिकको बसस्टपसम्मको दूरी |
| ९. भाइबहिनीको संख्या | १०. निजी विद्यालयमा अध्ययनरत दिदीबहिनीहरुको संख्या | ११.आमा बाबुको शैक्षिक स्तर | १२. जाति/जनजाति |

फाराममा लेखिएको जानकारीको आधारमा अंक प्रदान गरिने र सो को आधारमा छनौट गरिने हुँदा आफ्ना विवरणहरू केरमेट नगरी स्पष्टरूपमा भर्नुपर्नेछ। छनौट भएका विद्यार्थीको घरधुरी सर्वेक्षण गरी लेखिएको विवरण सही भए, नभएको पत्ता लगाइने र दरखास्त फाराममा गलत जानकारी दिइएको पाइएमा हालको कार्यक्रम र भविष्यमा नेपाल सरकारको विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिबाट सञ्चालित हुने अन्य आर्थिक सहायतासम्बन्धी कार्यक्रममा संलग्न नगरिने हुँदा फाराम भर्दा नै सही जानकारी उपलब्ध गराउनु हुन अनुरोध छ।

३. फारम भर्दा ध्यान दिनुपर्ने कुराहरूः आवेदन फाराम यस बैंकको वेभसाइट www.rbb.com.np बाट समेत डाउनलोड गर्न सकिनेछ। दरखास्त फाराम बुझाउँदा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ। (क) दिइएका निर्देशनहरू राम्रोसँग अध्ययन गर्ने, (ख) आफ्नो परिवार, अभिभावकसँग छलफलसमेत गरी आफू योग्य भए नभएको यकिन गर्ने, (ग) दरखास्त फाराममा अभिभावकको हस्ताक्षर गराउने, (घ) सिफारिसका लागि आफू अध्ययनरत विद्यालयमा रु.१०।– सहित दरखास्त फाराम पेश गर्ने।

४. प्रारम्भिक छनौटः प्रारम्भिक छनौटमा परेका विद्यार्थीहरूको जानकारी जिल्ला शिक्षा कार्यालय वा राष्ट्रिय वाणिज्य बैंक लि. का शाखा कार्यालयहरूबाट प्राप्त गर्न सकिनेछ। आफू छनौट नभएको खण्डमा नतिजा प्रकाशन भएको १५ दिनभित्र पुनः परीक्षण शुल्क रु.३००।– सहित नजिकको राष्ट्रिय वाणिज्य बैंक र रा.वा.बैंक नभएको जिल्लामा नजिकको नेपाल बैंक लि. को शाखा कार्यालयमा कारणसहित निवेदन दिन सकिनेछ। यसरी परेको दाबी विरोधको छानविन गरी अन्तिम निर्णय समितिले उजुरी परेको ३० दिनभित्र सार्वजनिकरूपमा दिनेछ। दाबी विरोध उचित ठहरेमा यसका लागि तिरेको रु. ३००।– विद्यार्थीलाई फिर्ता गरिनेछ।

५. अन्तिम छनौट : अन्तिम छनौट भएका विद्यार्थीको अन्तिम नामावली प्रकाशित भए पछि सो सूचिमा परेका विद्यार्थीले आफू अध्ययनरत माध्यमिक/उच्च माध्यमिक विद्यालयको सिफारिससहित नजिकको राष्ट्रिय वाणिज्य बैंक लि. को शाखा कार्यालय (रावाबैंक नभएको स्थान/जिल्लामा नजिकको नेपाल बैंक लिमिटेड) मा खाता खोल्नु पर्नेछ र तोकिएको प्रक्रिया पूरा गरी आर्थिक सहायता लिन सकिनेछ।

६. आर्थिक सहायताको लागि विद्यार्थीको योग्यताः (क) छनौटको अन्तिम सूचिमा परेका विद्यार्थी, (ख) माध्यमिक/उच्च माध्यमिक विद्यालयमा अध्ययनरत (ग) राष्ट्रिय वाणिज्य बैंक लि.वा तोकिएको बैंकमा खाता खोलेको प्रमाण, र (घ) तोकिएको अन्य शर्तहरू पूरा गरेको।

७. कार्यक्रममा सहभागी हुन चाहने सामुदायिक माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका लागि अनुरोध :
कार्यक्रममा सहभागी हुने सामुदायिक माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरूको सहयोगका लागि निम्न अनुरोध छ। (क) कक्षा १० र १२ मा अध्ययनरत विद्यार्थीहरूलाई दरखास्त फाराम भर्ने बारे सम्पूर्ण जानकारी उपलब्ध गराउने, (ख) दरखास्त फाराम उपलब्ध गराउने (फोटोकपि पनि प्रयोगमा ल्याउन सकिने छ) (ग) दरखास्त फाराम भर्न विद्यार्थीहरूलाई आवश्यक सहयोग पुऱ्याउने, (घ) विद्यार्थीबाट दरखास्त फाराम प्राप्त भए पछि भरिएको विवरण रुजू गरी सिफारिस गर्ने (विद्यालय व्यवस्थापन समितिले तोकेको पदाधिकारी, फाराम रुजू गर्ने शिक्षक र प्रधानाध्यापक/प्राचार्यले विद्यार्थीको आवेदन फाराममा नै विद्यालयको छाप प्रयोग गरी सिफारिस गर्नुपर्नेछ। यसरी सिफारिस गर्नु पूर्व विद्यार्थीले भरेको विवरण सही भए, नभएको हेर्नुपर्ने हुन्छ किनकि गलत विवरण पेश भएको खण्डमा विद्यालयको प्रतिष्ठामा समेत प्रतिकूल असर पर्न सक्नेछ), ङ) सिफारिससहित दरखास्त फाराम जिल्ला शिक्षा कार्यालय वा तोकिएको अन्य दरखास्त संकलन केन्द्र (वुथ) मा बुझाई दरखास्त बुझाएको प्रमाण लिई सम्बन्धित विद्यार्थीलाई प्रदान गर्ने र (च) छानिएका विद्यार्थीको विवरण जिल्ला शिक्षा कार्यालय मार्फत प्राप्त गरी छानिएका विद्यार्थीहरूलाई सूचित गराउने।

८. जिल्ला शिक्षा कार्यालयलाई अनुरोधः
कार्यक्रम सफल पार्न जिल्ला शिक्षा कार्यालयको भूमिका अहम् भएकोले निम्न सहयोगको लागि अनुरोध छ। यो कार्यक्रम नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गतको कार्यक्रम भएको र शिक्षा विभागको सहयोग एवं समन्वयमा सञ्चालन हुन लागेको हुँदा सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूलाई कार्यक्रमका बारेमा प्रचार-प्रसार गर्ने, बुथको पहिचान र सञ्चालनमा सहयोग गर्ने, दरखास्त फारामहरू वितरण गर्ने र विद्यालयहरूबाट प्राप्त फारामहरू संकलन गरी खटी आउने फिल्ड संयोजकलाई पठाइ दिनु हुन अनुरोध छ। जिल्ला शिक्षा कार्यालयको सक्रिय भूमिकाले नै गरीब विद्यार्थीको पहिचान गर्ने र उनीहरूलाई सहयोग प्रदान गर्ने कार्य प्रभावकारीरूपमा सञ्चालन गर्न सकिन्छ। शिक्षा विभागबाट यस सम्बन्धी पत्र प्राप्त गर्न सकिनेछ।

| | |
|---|---|
| दरखास्त फाराम वितरण | २०६६।१२।१९ देखि २०६७ वैशाख २ गतेसम्म |
| फारम बुझाउने अन्तिम मिति | २०६७ वैशाख १० गते |
| विद्यालय व्यवस्थापन समितिले Screening गरि सक्नु पर्ने मिति | २०६७ वैशाख १५ गतेसम्म |
| जिल्ला संकलन केन्द्रमा बुझाउने अन्तिम मितिः | २०६७ वैशाख २२ |

**अन्य जानकारीका लागि सम्पर्कः विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति, भक्सिखेल फो.नं. ०१–५०१३५५६**

**कोष प्रशासक राबाबैलि, फोन नं. ०१–४२५२५९५/EXT–१७६१, १७५४**